

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं १० गते शुक्रबार ❑ 27 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## ग्रेटर पोखराको अवधारणाका साथ पर्यटन विकास आवश्यक : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौं**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले ग्रेटर पोखराको अवधारणका साथ पोखराको पर्यटकीय विकास अघि बढाउनुपर्ने बताउनुभएको छ।

पोखरा पर्यटन परिषद्को २२ औं साधारणसभा तथा १२औं अधिवेशनको बिहीबार उद्घाटन गर्दै उहाँले प्रदेशको समृद्धिको आधार नै पर्यटन भएकाले ग्रेटर पोखराको अवधारणामार्फत पर्यटन विकास गर्नुपर्ने बताउनुभयो। पोखरालाई वैधानिक रुपमा पर्यटकीय राजधानी घोषणा गर्नुपर्नेमा मुख्यमन्त्री पोखरेलको जोड छ । गण्डकी प्रदेशसभा सदस्य राजिव पहारीले गण्डकी प्रदेशबाट पारित ऐनमा देखिएका कमीकमजोरीलाई संशोधन गरेर पर्यटनमैत्री ऐनका लागि आफूले पहल गर्ने बताउनुभयो। कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले पर्यटन क्षेत्रका लागि शान्ति सुरक्षाको प्रत्याभूति महत्वपूर्ण हुने र उनीहरूले सुरक्षित ठाउँ नै रोज्ने उल्लेख गर्दै पोखराको शान्ति सुरक्षामा प्रशासनले कुनै कसर बाँकी नराखेको बताउनुभयो।

नेपाल पर्यटन बोर्डका सदस्य मदन आचार्यले पोखरालाई उत्कृष्ट गन्तब्य बनाउनका लागि सबैको साझा उद्देश्य र कार्यगत एकताको खाँचो औंल्याउनुभयो । पोखरा पर्यटन परिषद्का संस्थापक अध्यक्ष अशोक पालिखेले देश विकासमा नीजि क्षेत्रको योगदान उल्लेख्य रहेको चर्चा गर्दै पोखराको पर्यटन प्रवर्द्धनमा परिषद्को भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले राज्यका नीति पर्यटनमैत्री हुन नसक्दा यस क्षेत्रको विकासमा बाधा परेको औंल्याउँदै पर्यटन विकासमा विभाजित नभई साझा सोच र विचारबाट अघि बढ्न आवश्यक रहेको धारणा राख्नुभयो।

## निर्वाचनमा पार्टीको सम्पूर्ण शक्ति क्रियाशील हुन महासचिव गुरुङको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौं**

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले सम्पूर्ण पार्टी पङ्क्तिलाई साथमा लिएर निर्वाचनमा होमिन निर्देशन दिनुभएको छ।

गण्डकी प्रदेशबाट केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्यहरु र प्रदेश समितिका पदाधिकारीहरुको आज पोखरामा बसेको संयुक्त बैठकमा उहाँले माओवादीले गरेका राम्रा कामको जनतामा प्रचार नभएको र विरोधीहरुले भ्रम सिर्जना गरेकाले त्यसलाई चिर्ने गरी चुनावको तयारीमा लाग्न निर्देशन दिनुभयो।

उहाँले भन्नुभयो,"परिवर्तनकारी शक्ति भएको र प्रतिगमनका विरुद्ध मुख्य गरी लडेको शक्ति र यसको नेतृत्वका विरुद्ध जनतामा भ्रम सिर्जना गर्ने प्रयत्न भएको छ, त्यसलाई चिर्ने कोसिस गर्नुहोला। सरकारमा रहँदा माओवादीले गरेका काम जनताको घरदैलोमा पुगेर बुझाउनुहोला ।" आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि गठबन्धनमा सिट बाँडफाँटको अन्तिम गृहकार्य भइरहेको जानकारी दिँदै उहाँले गठबन्धनका पक्षमा माहोल बनाउन र चुनावी अभियानमा सक्रियतापूर्वक लाग्न आग्रह गर्नुभयो । पार्टीका सचिव एवं शिक्षा तथा विज्ञान प्रविधिमन्त्री देवेन्द्र पौडेलले वामपन्थी पार्टीहरुमा माओवादी केन्द्र पहिलो बन्ने सम्भावना रहेको बताउनुभयो । माओवादीबाट वर्तमान सरकारमा सहभागी मन्त्रीहरुले देश र जनताका पक्षमा धेरैनै सकारात्मक काम गरेको उहाँले जिकिर गर्नुभयो।

## बृद्धाश्रममा पुर्‍याउने प्रबृतिको अन्त्य गर्नुपर्छः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौं**



गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले बृद्धाश्रममा पुर्‍याउने प्रबृतिको अन्त्य गर्नुपर्ने बताउनु भएको छ।

पोखरा १७ मा रहेको पोखरा बृद्धाश्रमको विहिबार सम्पन्न भएको २५ औं बार्षिक साधारण सभाको उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो।

पछिल्लो समयमा छोरा, छोरीहरुले आफ्ना बाबु आमा प्रति गर्नुपर्ने दाहित्व विर्सियर बुढेसकालमा बृद्धाश्रममा पुर्‍याउने परिपार्टी निकै दुःख लाग्दो भएको मन्त्री बरालको भनाई थियो । बाबु आमाले जन्मायर डाक्टर, इन्जिनियर, राजनितिज्ञ लगायतका समाजका प्रतिष्ठित व्यक्तिको रुपमा पहिचान गराए पनि बुढेसकालमा बाबु आमाको छोराछोरीहरु सहारा बन्नु पर्नेमा मन्त्री बरालको जोड थियो।

हरेक परिवारका छोरा छोरीले आफ्नो बाबु आमालाई घर घरमै व्यबस्थापन गर्न सके बृद्धाश्रममा जानेको सङख्या निकै न्यून हुने उहाँको भनाई थियो । विभिन्न कारणले गर्दा बृद्धाश्रममा पुगेकाहरुको रेखदेखमा खटिनु नै ठुलो धर्म भएको मन्त्री बरालले बताउनु भयो । वेवारिषे बाबु आमा सहित विभिन्न व्यक्तिहरुको राम्रोसंग पालनपोषण गर्नु भनेको चार धाम गर्नु भन्दा ठुलो र पुण्य कार्य हुने उहाँको भनाई थियो । कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लीलाधर पौडेलले विभिन्न दाताहरुको सहयोगले गर्दा बृद्धाश्रमहरु संचालन हुदै आएकोले सक्नेले केही न केही सहयोग गर्नुपर्नेमा जोड दिनु भयो । उक्त अवसरमा पोखरा बृद्धश्रमका कर्मचारी समिक्षा अधिकारी, उज्वल आमा समुह, पोखरा १७ सक्नेरी, लोक सँस्कृति संरक्षण समिति, पोखरा १७ सक्नेरी, जेष्ठ नागरिक दिवा सेवा, पोखरा १७ सक्नेरी र अम्विका भागवत फाउण्डेशन पोखरा १८ लाई सम्मान गरिएको पोखरा बृद्धाश्रमका अध्यक्ष कुशुमकेशव पराजुलीले बताउनु भयो।

पोखरा बृद्धाश्रममा हाल ४८ जना ज्येष्ठ नागरिक रहेको कोषाध्यक्ष धर्म गुरुङले बताउनु भयो । पोखरा बृद्धाश्रमका अध्यक्ष पराजुलीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा ज्येष्ठ नागरिक सरोकार समाजका इच्छा बहादुर वाग्ले, जानकी माविका अध्यक्ष टिकाराम भण्डारी, सिद्धार्थ क्लवका अध्यक्ष प्रमोद नारायण श्रेष्ठ, अधिवक्ता गिता लामिछाने, अम्बिका फाउण्डेसनका अध्यक्ष अम्बिका नेपाल, सचिव केशवराज लम्साल, सदस्य सिता काफ्ले लगायतले वोलेका थिए।

## कास्कीमा आउदो असोजमा लालपूर्जा वितरणको तयारी

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौं**




कास्कीमा आउदो असोज १३ गतेदेखि रातो लालपूर्जा वितरण गर्ने तयारी गरिएको छ। राष्ट्रिय भूमि आयोग जिल्ला समिति कास्कीले असोज १३ गतेदेखि कास्कीमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीलाई रातो लालपूर्जा वितरण गर्ने तयारी सुरु गरेको आयोग कास्कीका अध्यक्ष गंगा पोखरेलले जनाए।

आउदो असोज ४ गतेसम्म भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीहरुले आयोगमा फारम भर्न सकिने व्यबस्था रहेको अध्यक्ष पोखरेलको भनाई थियो । आगामी ३ बर्षभित्र आफ्नो कार्यकालमा कास्कीमा रहेका भूमि हिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीलाई सर्जिकल मुचुल्काको आधारमा आवश्यक व्यक्ति एवं परिवारलाई रातो लालपूर्जा वितरण गरिने उनले दाबी गरे।

अध्यक्ष पोखरेलको नेतृत्वले हालसम्म करिब ३ हजार भूमि हिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीको फारम संकलन गरेको नापी कार्यालय कास्कीका प्रमुख एवं आयोगका सदस्य सचिब दीनेश काफ्लेले बताए। अव्यबस्थित बसोबासीले राजश्व तिर्नुपर्ने भएकोले गर्दा रकम व्यबस्थापन गर्नको लागि केही समय लाग्ने बताउदै पोखरेलले भूमिहिन सुकुम्बासीहरुले भने राजश्व भन्दा हालसम्मको तिरो तिरे पुग्ने जनाए। हालसम्म अव्यबस्थित बसोबासी एक जनाले मात्र राजश्व बुझाएर आफ्नो विवरण दिएर गएको अध्यक्ष पोखरेको भनाई छ। सेतो पुर्जा र फिल्डबुक भएका कास्कीका सबै भूमि हिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीलाई म्याइन्यूट भई निर्णय भएको बिषयमा अब क्रमशः सर्जिकल मुचुल्का गर्दै निर्णय गर्दै लालपुर्जा दिने अध्यक्ष पोखरेलले बताए। वडा कार्यालयहरुबाट जति सक्दो छिटो सिफारिस पत्र प्राप्त भएको आधारमा लालपूर्जा दिने उनको भनाई थियो।

यो महिना भित्र लगत संकलन भएको अबस्थामा निस्सा दिने तयारी गरिएको अध्यक्ष पोखरेलले बताए । निस्साबाट वास्तविक जग्गा र व्यक्तिको पहिचान हुने उनले बताए। सुकुम्बासि भएको अबस्थामा ४ आना, कृषि क्षेत्रको हकमा भने १९ रोपनी १० आना जग्गा निश्चित राजश्व र तिरो तिरेर मात्र आयोगले लालपूर्जा दिने तयारी गरेको आयोगका प्रवक्ता आस बहादुर गुरुङले बताए । एकाघरको तीन पुस्ते अशंबण्डा नभएको अबस्थामा रातो लालपूर्जा दिन समेत सहज हुने तर त्यसमा वडाले सिफारिस दिनुपर्ने उनले जनाए। २०५२ साल देखिका अधुरा अपुरा कामलाई पुरा गर्ने तर्फ पनि आफुहरुको ध्यान केन्द्रित हुने अध्यक्ष पोखरेलले बताए। चुनावको आचारसंहिता लाग्नु अघि एक चरणको काम गर्ने उनले जनाए । कास्कीमा पोखरा महानगर, कास्कीका ४ गाउपालिका गरी करिब ३० हजार जना भूमि हिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासी हुन सक्ने आयोगको ठहर रहेको छ।

पोखरा महानगरपालिकाले सम्झौता गरे लगत्तै कामलाई सिस्टममा प्रकृयागत रुपमा अघि बढाएको अध्यक्ष पोखरेलले बताए । अघिल्लो आयोगले करिब १६ हजार भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासी भएको तथ्याङ सार्वजनिक भएको उनले जनाए । अधुरो अपुरो काम अर्न्तगत २ सय ५३ अघिल्लो आयोगको तथ्याङ्क रहेको छ भने हाल यस तर्फ २९ वटा निवेदन दर्ता भएको अध्यक्ष पोखरेलले जनाए । सरकारी, प्रति जग्गामा अव्यबस्थित रुपमा बसेकाहरुलाई र धनी व्यक्तिलाई २ सय प्रतिशतसम्म राजश्व अशुल्ने र न्यूनतम मुल्यको आधारमा जग्गा किन्ने नै सिस्टम भएको आयोगका सदस्य उमाकुमारी थापाले बताईन।

## गण्डकी प्रदेश भेला पोखरामा

**रासस**
**काठमाडौं, ९ भदौं**

समाजवादी प्रेस सङ्गठन नेपालको गण्डकी प्रदेश भेला यही भदौ १० गते पोखरामा गरिने भएको छ।

प्रदेशअन्तर्गत जिल्ला अधिवशेनको मिति पनि सोही भेलाले तय गर्ने छ । यही भदौ मसान्तभित्र देशभरका सबै जिल्लाका सङ्गठनको अधिवशेन सम्पन्न गरिने योजना छ । प्रेस चौतारीबाट अलग भएको सङ्गठनले प्रगतिशील विचार समूहका पत्रकारलाई एकताबद्ध गरी व्यावसायिक पत्रकारिताको विकास, श्रमजीवी पत्रकारको हकहित तथा अधिकार संरक्षण, साना लगानीका सञ्चार गृहको संरक्षण र पत्रकारलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउने विषयमा सरकारलाई दबाब दिँदै आएको छ । गतवर्ष भदौ १० गते स्थापना भएको उक्त सङ्गठनले करिब ५० जिल्लामा सञ्जाल विस्तार गर्नाका साथै गत कात्तिक २७ गते पदाधिकारी तथा संस्थापक सदस्य घोषणा र गत चैत १२ -१३ मा केन्द्रीय कमिटीको विस्तारित भेला सम्पन्न गरेको छ । प्रथम राष्ट्रिय अधिवेशनको तयारीमा रहेको सङ्गठनले मधेश प्रदेशको अधिवेशन पनि हालै


बाँकी अन्तिम पृष्ठमा ▶▶


## बाटुलेचौरमा ऐतिहासिक तिज मेला हुने


**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौं**

पोखराको बाटुलेचौरमा ऐतिहासिक तिज मेला हुने भएको छ । परम्परागत संस्कृतिको संरक्षण गर्ने उद्देश्यले हिमालय क्लबको आयोजनामा यही भाद्र १४ गते बाटुलेचौर खेल मैदानमा हुने ऐतिहासिक मेलाको तयारी तीव्र पारिएको क्लबले जनाएको छ।

कोरोनाका कारण २ वर्ष मेला नभएको र अघिल्ला वर्षहरुमा ५ दिनसम्म गरिने मेला यसवर्ष भने १ दिन मात्रै तिजको दिन गरिन लागिएको सचिव शिवराज देवकोटाले जानकारी दिनुभयो । मेलामा छेलो, रस्साकस्सी,बेलुन फुटाउने र म्युजिकल चियर प्रतियोगिता गरिने बताइएको छ। रस्साकस्सीको लागि दर्ता खुल्ला गरिएको संयोजक


बाँकी अन्तिम पृष्ठमा ▶▶





# तमु कलाकार संघको नवनिर्वाचित कार्यसमितिलाई मिलन डी.जी.को सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

तमु (गुरुङ) कलाकार संघ नेपाल, गण्डकी प्रदेशको नवनिर्वाचित कार्यसमितिलाई मिलन डी.जी. इन्टरनेशनल प्रालिले बधाई ज्ञापन तथा सम्मान गरेको छ।




मिलन डी.जी. इन्टरनेशनल प्रालिको आयोजना तथा मिलन फाउण्डेशन नेपाल, मिलन वर्ल्ड डट न्यूज र मिलन ट्रष्टको सह-आयोजनामा भएको कार्यक्रममा नवनिर्वाचित तमु कलाकार संघ, गण्डकीका पदाधिकारी र कार्यसमिति सदस्यलाई सम्मान गरिएको हो । सो अवसरमा सम्मान गर्दै नेकपा (माओवादी केन्द्र), गण्डकी प्रदेशसभा संसदीय दलकी प्रमुख सचेतक गायत्री गुरुङ "कुसुम"ले तमु कलाकारलाई गरिएको सम्मान तमु कला, संस्कृतिको संरक्षणका लागि जिम्मेवारी दिएको रुपमा लिनुपर्ने बताउनुभयो। अब नीतिगत कुरा मात्र नभइ व्यवहारमा काम हेर्न चाहेको जनाउँदै उहाँले समृद्धि भनेको बाटो बन्नु मात्र नभएको बताउनुभयो । कला, संस्कृतिको संरक्षण र विकासले मात्र समृद्धिलाई सार्थक बनाउने भन्दै प्रमुख सचेतक गुरुङले कला, संस्कृतिको संरक्षणमा तमु कलाकारको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो।

गण्डकी प्रदेश सरकार समृद्धिको यात्रामा रहेको भन्दै गुरुङले सर्वाङ्गीण विकासका लागि प्रदेश सरकारले काम गरिरहेको दाबी गर्नुभयो। त्यस्तै, सम्मानितको तर्फबाट बोल्दै तमु (गुरुङ) कलाकार संघ नेपाल, गण्डकी प्रदेशका नवनिर्वाचित अध्यक्ष सुरेन्द्र गुरुङले कलाकारको दुःख, सुखमा तमु कलाकार संघ सधैं साथमा रहेको बताउनुभयो। समाजसेवी दुर्गा गुरुङ "मिलन" र मिलन फाउण्डेशन नेपालकी अध्यक्ष गंगाकुमारी गुरुङले तमु कलाकार संघको संस्थागत विकासमा महत्वपूर्ण योगदान दिएको भन्दै नवनिर्वाचित अध्यक्ष गुरुङले यो सम्मानले थप हौसला र जिम्मेवारी थपिएको बताउनुभयो । तमु जातिको कला, संस्कृतिको संरक्षण र विकृति, विसंगतिको अन्त्यका लागि तमु कलाकार संघ, गण्डकीले विशेष जोड दिएको उहाँले बताउनुभयो । मिलन ट्रष्टकी संरक्षक सावित्रीकुमारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा मिलन डी.जी. इन्टरनेशनल प्रालिका मिडिया संयोजक रूद्रबहादुर श्रीसले पनि बोल्नुभएको थियो।

कार्यक्रममा तमु (गुरुङ) कलाकार संघ नेपाल, गण्डकी प्रदेशका नवनिर्वाचित अध्यक्ष सुरेन्द्र गुरुङसहित वरिष्ठ उपाध्यक्ष माया गुरुङ, उपाध्यक्ष विक्रम गुरुङ, महिला उपाध्यक्ष इन्द्रा गुरुङ, महासचिव टसबहादुर गुरुङ, सचिव नेत्र गुरुङ, महिला सचिव ज्योति गुरुङ, सह-सचिव डबिन गुरुङ, कोषाध्यक्ष सविना गुरुङ, सह-कोषाध्यक्ष दिलु गुरुङ सम्मानित हुनुभएको हो। त्यसैगरी, विदेश विभाग प्रमुख गौरी गुरुङ, सांस्कृतिक विभाग प्रमुख सविन गुरुङ, अतिरिक्त विभाग प्रमुख ओम गुरुङ, महिला विभाग प्रमुख रविना गुरुङ, सचिवालय सदस्यहरू पूजा गुरुङ, रामप्रसाद गुरुङ, मीना गुरुङ, रनु गुरुङ, संगीता गुरुङ, ममता गुरुङ, सीता गुरुङ, धनप्रसाद गुरुङ, रोशन गुरुङ, सुनिमा गुरुङ, युमिन्द्रा गुरुङ (युविन) र काजी गुरुङ सम्मानित हुनुभएको छ।

# पोखरा २६ कृषि संजालको संयोजकमा ढुंगाना

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

पोखरा महानगरपालिका वडा नं. २६ मा विहिबार भएको कृषकहरुको भेलाले केशवराज ढुंगानाको संयोजकत्वमा कृषि संजाल गठन भएको छ।



संजालको सहसंयोजकमा देवी ढुंगाना, सचिवमा इश्वरराज भण्डारी, सहसचिवमा सावित्री ढकाल तिवारी र कोषाध्यक्ष कमल रानाभाट रहेका छन् । संजालको सदस्यमा इश्वरी प्रसाद अधिकारी, टंक प्रसाद सिग्देल, संजिव राजभाट, बिष्णुमाया बस्ताकोटी, डेट प्रसाद पनेरु, सुर्य प्रसाद बंजरा, प्रमोद थापा, बलराम सापकोटा, पदम बहादुर बि.क, सागर बराल, बद्रीनाथ भण्डारी रहेका छन् । यसैगरी धरणीधर बराल, चित्रमाया पोखरेल अधिकारी, बेल कुमारी न्यौपाने, सुकु माया राजभाट र इन्द्र सुवेदी रहेका छन्। भेलालाई सम्वोधन गर्दै, पोखरा महानगरपालिका वडा नं. २६ का वडाध्यक्ष नरेन्द्र थापाले कृषिका लागि प्राप्त हुने अनुदान लक्षित बर्गमा नपुगेको गुनासो आएको बताउँदै, सचेत हुन आग्रह गरे । अध्यक्ष थापाले प्रविधिको प्रयोग गरी उत्पादनको बृद्धिमा जोड दिनु पर्ने बताए । कार्यक्रममा पोखरा महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले सूचनाको अभावमा बास्तबिक कृषक अनुदानको पहुच भन्दा बाहिर पुगेको उल्लेख गर्दै, संजालले सवैलाई जोड्न आग्रह गरे । संजालका अध्यक्ष धर्मदत्त पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य तिर्थबहादुर राजभाट, सुदिपराज ढुंगाना, स्थानीय समाजसेवी हरिप्रसाद अधिकारी, वडा सचिव मिना भट्टराई भण्डारी, वडाका कर्मचारी लिलामणि भण्डारी, नवराज सापकोटा र नवनिर्वाचत संयोजक केशवराज ढुंगाना लगायतले मन्तव्य राखेका थिए।

# डागर स्मृति पुरस्कार डा तुलिका र सुमल गुरुङलाई

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

डागर स्मृति पुरस्कार २०७८ बाट डा. तुलिका दुवे र २०७९ बाट साहित्यकार सुमलकुमार गुरुङ पुरस्कृत हुने भएका छन्।

डागर स्मृति प्रतिष्ठान नेपालले हरेक वर्ष साहित्य र समाजसेवाका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्ति तथा संस्थालाई पुरस्कृत एवम् सम्मानित गर्दै आएको छ।

२०७८ सालको पुरस्कार कोरोनाका कारणले रोकिएकोमा दुई वर्षको पुरस्कार एकै साथ अर्पण गर्न लागिएको प्रतिष्ठानका पूर्व अध्यक्ष हिरादेवी बास्तोलाले जानकारी दिइन्।

उक्त पुरस्कारबाट समाजसेवी विश्वमोहन गौचन, चन्द्रा गुरुङ, रामबहादुर पौडेल, सोनाम साङ्पो, गोविन्दराज पहारी, साहित्यसेवातर्फ आर.एम. डंगोल, भीम रानाभाट तथा संस्थातर्फ हिमाली सांस्कृतिक परिवार, मानवसेवा आश्रमलगायतका दर्जन ज्यादा व्यक्ति तथा संस्था पुरस्कृत भइसकेका छन्। साथै प्रतिष्ठानले समाजमा विशेष योगदान पुऱ्याएका समाजसेवी तथा साहित्यसेवी प्रतिभालाई विशेष सम्मान अर्पण गर्दै आएको छ। पुरस्कारको राशि १० हजार पाँच सय नगदसहित सम्मानपत्र र दोसल्ला रहेको प्रतिष्ठानका सचिव सुमन श्रापितले जानकारी दिए । डागर स्मृति पुरस्कार २०७८ बाट पुरस्कृत हुन लागेकी डा तुलिका दुवे नाक, कान, घाटी र क्यान्सर रोग विशेषज्ञ हुन् । विगत सात वर्षदेखि फेवासिटी हस्पिटलमा कार्यरत डा. दुवे विभिन्न स्वयमसेवी संस्थामा सामाजिक व्यक्तित्वका रूपमा परिचित छन्। नेपाल तथा भारतका विभिन्न विश्वविद्यालयबाट आफ्नो अध्ययन पूरा गरेकी दुवेले क्यान्सरको फेसोलिफ भारतबाट पूरा गरेकी छन्।

डागर स्मृति पुरस्कार २०७९ बाट पुरस्कृत हुन लागेका सुमलकुमार गुरुङ समाजसेवी र साहित्यसेवी छवि बनाएका व्यक्तित्व हुन् । उनका दर्जनको संख्यामा विभिन्न कृति प्रकाशित छन् । मेजर अर्जुनको औंठी उनको सर्वाधिक लोकप्रिय र अनेसासबाट उत्कृष्ट कथाकृतिका रूपमा पुरस्कृत कृतिसमेत हो । दर्जनौं सम्मान पुरस्कारबाट विभूषित गुरुङ अन्तर ष्ट्रिय नेपाली साहित्य समाज अनेसास बेलायतका पूर्व अध्यक्ष र हालका केन्द्रीय सल्लाहकार हुन् । पुरस्कार राजन पराशर डागरको २१ औं डागर स्मृति दिवस अर्थात् ऋषि पञ्चमीका दिन अर्पण गरिने प्रतिष्ठानकी अध्यक्ष बिन्दु श्रेष्ठले जानकारी दिइन्।

# केसी पुन: पृथ्वी राजमार्ग बस संचालक कम्पनीको अध्यक्षमा निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

योगेन्द्र बहादुर केसी पुनः पृथ्वी राजमार्ग बस संचालक कम्पनी प्रा.लि.को अध्यक्षमा निर्वाचित भएका छन्।



कम्पनीको बुधबार बेलुका सम्पन्न भएको चौथो साधारण सभा तथा दोश्रो अधिवेशनबाट केसीले दुई जना अध्यक्षका प्रत्यासीलाई पछि पार्दै निर्वाचित भएका हुन्। अध्यक्षमा निर्वाचित केसीले ७ सय ६२ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी पुर्व अध्यक्ष ऐनकुमार साईले २ सय ९० मत प्राप्त गरेका गरे । त्यसै गरी अर्को अध्यक्षका प्रत्यासी धर्मराज अर्यालले भने ५६ मत प्राप्त गरेका गरे।

सञ्चालकहरुमा जयप्रसाद शर्मा (६२९) बाबुराम दवाडी (६२५), जसबहादुर गुरुङ (५९९), अशोक कुमार चौधरी (५९९), काशीशर्मा न्यौपाने रामु (५७८), मेखराज त्रिपाठी (५६२), ज्ञानबहादुर केसी (५१७), भरतकुमार मल्ल (५०४), कृष्णबहादुर बल्छौडी (४९४), रमेश कुमार श्रेष्ठ (३९९) मत ल्याएर विजयी भएका छन्।

कम्पनीको मंगलबार देखि पोखरामा अधिवेसन सुरु भएको थियो । अध्यक्षका प्रत्यासी साईले अध्यक्ष केसीलाई आगामी दुई बर्षीय कार्यकालको पूर्ण सफलताको कामना गर्दै बधाई ज्ञापन समेत गरेका थिए।

## बाटुलेचौर...

सुमन बस्नेतले बताउनुभयो। मेलाको मुख्य आकर्षणको रुपमा समुहगत तिज गित प्रतियोगिता र नृत्य प्रस्तुती रहने र उक्त प्रतियोगितामा २० समुहको सहभागिता रहने क्लबका पूर्व अध्यक्ष मोहन थापाले जानकारी दिनुभयो । तिज गित तर्फ सहभागिता जनाउने प्रत्येक टिमलाई १० हजार रुपैयाँ दिईने जनाएको छ । सो कार्यक्रममा नेपाली लोक दोहोरी गीतको क्षेत्रमा योगदान पुर्याउने गायिका टिका सानुलाई सम्मान गरिने बताइएको छ । उक्त मेलाको उद्घाटन गण्डकी प्रदेश का मुख्यमन्त्री कृष्ण चन्द्र पोखरेल नेपाली ले गर्नुहुने छ। मेलाको तयारीका लागि गठित विभिन्न उपसमितिले आ आफ्नो तयारी लाई तिब पारेको क्लबका अध्यक्ष सुशील बस्नेतले जानकारी दिनुभयो। मेला सम्पन्न गर्न करिब १० लाख खर्च लाग्ने र उक्त रकम विभिन्न सहयोगी संघ संस्थावाट संकलन गरिने आयोजकले जनाएको छ।

## गण्डकी...

सम्पन्न गरेको छ। प्रदेशको भेला सम्पन्न गर्ने र प्रतिनिधि चयनको प्रक्रियामा छ।

सङ्गठनका अध्यक्ष शम्भु श्रेष्ठले पत्रकारको सुरक्षा तथा सञ्चार क्षेत्रलाई थप मर्यादित बनाउनाका साथै व्यवस्थित बनाउन आग्रह गर्दै मुलुकको राष्ट्रियताको सम्वर्द्धन, लोकतन्त्र, सुशासन तथा पेसागत व्यवसायिकतामा जिम्मेवार भई क्रियाशील हुन आग्रह गर्नुभयो।

धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं

◆ धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
◆ आफ्, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
◆ कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
◆ धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
◆ धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।

त्यसैले,
*धुम्रपान नगरौं स्वस्थ्य जीवन बाँचौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# सिट बाँडफाँडको सकस

मंसिर ४ गते हुने संघीय संसदको प्रतिनिधिसभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा गठबन्धन गरेर जाने दलहरूमा सिट बाँडफाँड समस्या भएको छ । १६५ सिटका लागि गठबन्धनका दलहरूले बाँडफाँड गर्न सकस परेको छ । चुनावमा आफ्नो एजेन्डा लिएर जान नसकेपछि गठबन्धनको एजेन्डा लिएर जान पहिले सिट बाँडफाँड टुङ्गो लाग्नुपर्छ ।देशमा धेरै वर्ष सत्ता चलाउँदै आएको पुरानो पार्टी नेपाली काङ्ग्रेस एक्लै जान तयार देखिदैन ।

२०४८ यता नियमित चुनाव लड्दै आएकाहरु फेरि मैदान उत्रिँदै गर्दा तिनलाई संसद् पठाउन मतदाता इच्छुक छैनन् । 'शीर्ष नेता रोक्ने बहिष्कार' अभियानले संकेत गरिसकेको छ । यही तथ्य बुझेको वृद्ध नेतृत्व तालमेल भएको खण्डमा इतर पार्टीका कार्यकर्ता र शुभेच्छुकहरुको मत समेतबाट चुनाव जितिन्छ भन्ने स्वप्नमा छन् ।जनताको विवेक भन्दा दलको आधारमा भर पर्दा असफल भएका छन । पटकपटक जितिरहेकाहरुलाई फेरि पाँच वर्ष सत्ता कब्जा गर्नकै खातिर 'तालमेल' चाहिएको छ । मुलुकको हितका खातिर कदापि होइन । तिनले बुझेका छन् कि तालमेलबेगर जाने हो भने फेरि 'माननीय' बन्न पाइँदैन र सत्ताभोग गर्न पाइँदैन । जग जाहेर छ, तिनलाई भावी दिनमा निरन्तर सत्ता-भोगका निम्ति तालमेल चाहिएको ।कांग्रेसभित्र चुनावपूर्व सिट तालमेलका सवालमा किचलो नियम बनाइएको तालमेलले चुनावका बेला कांग्रेसीजनलाई निस्क्रिय तुल्याउने, भावी संगठनमा असर पार्ने, समानुपातिक मत घट्न सक्ने चिन्ता देखिन्छ । त्यो तथ्य केलाउँदै सिंगो कांग्रेस चुनावपूर्व तालमेलको पक्षमा देखिँदैन । बरु चुनावी परिणामपछिको गठबन्धनको पक्षमा एउटा पक्ष खुला छ ।

खासगरी प्रधानमन्त्री शेरबहादुर देउवा र उनको समूह सिट तालमेल गरी चुनावी मैदानमा खडा हुँदा परिणाम राम्रो आउने आँकलनमा छ । तर, यो समूहले त्यसरी तालमेलमा जाँदा पार्टी संगठनले भावी दिनमा चुकाउनुपर्ने मूल्यबारे कुनै हिसाब-किताब गरेको देखिँदैन । देउवालाई जीवनको उत्तरार्धमा '...चोटि' प्रधानमन्त्री बनेको 'इतिहास' रच्नु छ । यहाँ '...' राख्नुको अर्थ हो, अझै समीकरण फेरबदल गरेरै भए पनि धेरै चोटि देउवालाई प्रधानमन्त्री बन्ने रहर पूरा गर्नु छ । नेताको बोलीको कुनै ठेगान नभएको मुलुकमा जे पनि हुन सक्छ । उनीहरु त नितान्त स्वार्थमा आधारित हुँदै राजनीति तय गर्छन्, जतिसुकै बेला जुन सकै दलसँग तालमेल गर्न सक्छन् ।

यो सम्भावना बुझ्न २०७४ को संघीय-प्रदेशकै 'तालमेल' हेरे पुग्छ। संसदीय कालखण्ड होस् या लोकतान्त्रिक कालखण्ड, समीकरण बन्ने र बिग्रने खेलबाट मुलुक आजित भइसकेको पृष्ठभूमि छ । 'नेकपा' विभाजनपछि सिर्जित एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादीको मतीय हैसियत, दलीय वजन अझै स्पष्ट भइसकेको छैन । केही हदसम्म स्थानीय चुनावले यी दलको वजन देखाएको हो । तर, तिनको वास्तविक हैसियत त्यतिबेला स्पष्ट हुनसक्थ्यो यदि गठबन्धनमा रहेका पार्टीहरू एक्ला-एक्लै चुनाव लड्ने हिम्मत र साहस देखाउँथे । त्यसो भएन ।

अब संघीय र प्रदेशसभामा चुनावी परिणाम आएपछि समीकरण गर्दा राजनीति सरल शैलीमा अघि बढ्न सक्छ । नत्र चुनावमा एउटासँग तालमेल र पछि अर्कैसँग समीकरण बन्यो भने भावी दिनमा जनताले नेताहरूको आरोप प्रत्यारोपको कर्कशपूर्ण दन्तबभान सुन्नुपर्नछ । चुनावपूर्वको तालमेल मुलुक र लोकतन्त्रको हितमा हुँदैन । चुनावमा कुनै पार्टीको बहुमत नआएको खण्डमा 'गठबन्धन' अवश्यंभावी छ । किनभने बहुमत नपुगेका आधारमा प्रतिनिधि सभा विघटन गर्नु उचित हुन्न । बरु चुनावपछि मतदाताकै जनादेश अनुरुप गठबन्धनको सरकार निर्माण गर्नु राम्रो हुन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कास्कीमा ब्याडमिन्टनका लागि ११ खेलाडी छनोट

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौ**

गण्डकी प्रदेशमा आयोजना हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि कास्कीमा खेलाडी छनोट प्रक्रिया सुरु भएको छ। आगामी असोजको २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशको राजधानी पोखरामा हुने नवौं संस्करणको खेलकुद प्रतियोगिताका लागि कास्कीले खेलाडी छनोट प्रक्रिया सुरु गरेको हो । जस अनुसार कास्की जिल्ला खेलकुद विकास समितिले बुधबार ब्याडमिन्टन खेलाडीको छनोट गरेको छ । कास्की जिल्लाबाट ब्याडमिन्टनका लागि ७ पुरुष र ४ महिला गरी ११ खेलाडीहरु छनोट भएका छन् ।

पुरुषतर्फ भूगोल गुरुङ , बिधान अधिकारी, विशाल खड्का शशांक अधिकारी, ईशान खड्का, शम्भुकुमार श्रेष्ठ र यासिक्सन गुरुङ छनोट भएका छन् । भूगोल र विधान ब्याडमिन्टनका राष्ट्रिय खेलाडी हुन् । उनीहरु दुबैले गण्डकी प्रदेशस्तरीय छनोटका लागि वाइल्ड कार्ड पाएको अफिसियल ज्ञानेन्द्र भण्डारीले बताए। कार्कीका अनुसार १० जनाले प्रदेशस्तरीय छनोटका लागि १० जनाले प्रतिस्पर्धा गेरेका थिए । त्यस्तै, महिलातर्फ यमकुमारी गुरुङ, आकृति केसी, आयुष्मा नेपाल र शितल केसी छनोट भएका छन्। महिलाकी यमकुमारी राष्ट्रिय खेलाडी हुन् । ब्याडमिन्टनको राष्ट्रिय वरीयतामा यमकुमारी ८ औं स्थानमा छिन् ।

कास्की जिल्ला खेलकुद विकास समितिकी सदस्य मनिषा गुभाजू, कास्की जिल्ला ब्याडमिन्टन संघका उपाध्यक्ष बिशाल खड्का, अफिसियलहरु ज्ञानेन्द्र भण्डारी, बीरबहादुर आले, ईच्छा गुरुङ र रबीचन्द्र होनासहितको समितिले खेलाडी छनोट गरेको हो । राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रत्येक टोलीबाट ब्याडमिन्टनमा पुरुषतर्फ ७ र महिलातर्फ ५ जनाले प्रतिनिधित्व गर्नेछन् ।

गण्डकी प्रदेश अन्तर्गतका जिल्लाबाट छनोट भएका खेलाडीहरुले यही भदौको १५ देखि १८ गतेसम्म हुने प्रदेशस्तरीय खेलाडी छनोट प्रतियोगितामा प्रतिस्पर्धा गर्ने अफिसियल रबीचन्द्र होनाले बताए ।

कास्की जिल्ला खेलकुद विकास समितिले प्रदेशस्तरिय जिल्लास्तरिय छनोट प्रक्रियाका लागि कार्यतालिका प्रकाशित गरिसकेको कास्की जिल्ला खेलकुद विकास समिति अध्यक्ष तोरण बानियाले बताए । जिल्लाबाट छनोट भएका खेलाडीहरुले भदौको १५ देखि १८ गतेसम्म प्रदेशस्तरिय छनोटका लागि प्रतिस्पर्धा गर्ने कार्यतालिका छ ।

यही भदौको २५ गतेभित्रमा खेलाडी र प्रशिक्षकको नाम दर्ता र असोजको १० सम्ममा खेलगत इभेन्ट, खेल समयतालिका, खेलस्थलको जानकारी गराउने आयोजक राखेपको कार्यक्रम तालिका छ । नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ११ टिमले ३६ खेलका ४०७ पदकालागि प्रतिस्पर्धा गर्नेछन् ।

# साहसी आमा : जसले चितुवाको मुखबाट छोरा खोसिन्...

**पोखरापत्र संवाददाता**
**तनहुँ, ९ भदौ**

तनहुँको बन्दीपुर गाउँपालिका-१ बानियाटारमा बुधबार साँझ सुवास परियारका तीन वर्षीय छोरा सुलभ परियारलाई चितुवाले आक्रमण गरी सख्त घाइते बनाएको छ ।

साँझ करिब ५ बजेको समयमा सोही ठाउँका हेमबहादुर रानाको खसीलाई चितुवाले आक्रमण गेरे घाइते बनाएपछि बालक परियारलाई समेत चितुवाले आक्रमण गरेको थियो । रानाले होहल्ला गरेपछि भागेको चितुवाले पुनः गाउँमा पसेर परियारलाई आक्रमण गरेको थियो । साँझ करिब ६ बजेको समयमा घरको पिँढीमा खेलीरहेका उनलाई चितुवाले तानेर लगेको जानकारी पाएको डिभिजन वन कार्यालयका प्रमुख कोमलराज काफ्लेले बताउनुभयो । परियारलाई लैजान थालेपछि उनकी आमा लक्ष्मी पनि चितुवाको पछि पछि कुदेकी थिइन् ।

करिब ५० मिटर टाढा पुगेर छोरालाई खोसेर ल्याउन सफल भएकी स्थानीय प्रत्यक्षदर्शी वासु पन्थले जानकारी दिनुभयो । घाइते परियारको बन्दीपुर गाउँपालिका-४ डुम्रेस्थित मोती हेल्थ क्लिनिकमा प्राथमिक उपचार गरिएको थियो । उनलाई थप उपचारका लागि चितवन मेडिकल कलेज भरतपुर पठाइएको गाउँपालिकाका निवर्तमान अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो ।

परियारको घाँटी तथा शरीरका अन्य भागमा घाउ रहेकोछ । केही महिनाअघि मात्रै बन्दीपुर-१ का ५ वर्षीय सुप्रिम बगालेको चितुवाको आक्रमणमा परी मृत्यु भएको थियो । उक्त घटनामा एक बालिकासहित दुईजना चितुवाको आक्रमणबाट घाइते भएका थिए ।

# बागलुङमा थपिए दुई हजार ८०० मतदाता

**पोखरापत्र संवाददाता**
**बागलुङ, ९ भदौ**

बागलुङमा स्थानीय निकायको निर्वाचनपछि दुई हजार ८०० बढी मतदाता थप भएका छन् । निर्वाचन आयोगले सङ्घीय र प्रदेशसभा सदस्यको निर्वाचन मिति घोषणा गरेपछि जिल्ला निर्वाचन कार्यालय आन्तरिक तयारीमासमेत जुटेका छन् ।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनको मतदाता सङ्ख्या भन्दा प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा दुई हजार ८०० मतदाता थपिएका छन् । स्थानीयतहको निर्वाचनमा एक लाख ९३ हजार छ सय २४ मतदाता रहेकोमा अहिले एक लाख ९६ हजार दुई सय ९७ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

तीमध्ये एक लाख नौ हजार ४० महिला र ९५ हजार पाँच सय १७ महिला मतदाता छन् । एक वर्षभित्र दर्ता भएर १८ वर्ष उमेर नपुगेर स्थानीय तहमा मतदान समेत गर्न नपाएका मतदाता र नयाँ दर्ता भएका मतदातासहित १३ हजार बढीले यसपटकको निर्वाचनमा मतदान गर्न पाउनेछन् ।

यस्तै स्थानीय तहको निर्वाचनपछि असार १ गते देखि साउन १९ गतेसम्म दुई हजार आठ सय मतदाताले मतदाना नामावली दर्ता गरेको निर्वाचन कार्यालयका सूचना अधिकारी गकुल शर्माले जानकारी दिनुभयो ।

# अमेरिकामा जारी युनिभर्सल टेनिस रेटिङमा पोखरेली अभिषेक चौथो चरणमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौ**



पोखराका अभिषेक बाँस्तोलाले अमेरिकाको ओहायो स्थित कोलम्समा जारी युनिभर्सल टेनिस रेटिङ अन्तर्गत चौथो चरणमा प्रवेश गरेका छन् ।

उनी शुक्रबार अमेरिकाका म्याक्सवेल सेल्डोनसंग प्रतिस्पर्धा गर्ने भएका छन् । बाँस्तोलाले यसअघि एक खेलमा जित निकालेका थिए भने एक खेलमा पराजय व्यहोरेका छन् । बिहीबार राति भएको तेश्रो चरणाको खेलमा उनले अमेरिकन खेलाडी जे.टन्ड्सनलाई ४-६,६-० र ६-२ ले पराजित गरे । मंगलबार उनी जापानिज खेलाडी जेम्स टेर्टससंग ६-०,६-२ को सेटमा पराजित भएका थिए । प्रतियोगिताको विजेता खेलाडीले ३ हजार ५ सय अमेरिकी डलर पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा हाइएष्ट रेटिङप्राप्त २० खेलाडी उपाधी भिडन्तमा छन् । यो स्तरको प्रतिस्पर्धामा सहभागि अभिषेक नेपालकै पहिलो खेलाडी हुन् । १५ वर्षकै उमेरमा नेपालको शिर्ष वरियता पाएका अभिषेकले एटिपी रेटिङका लागि २५ भन्दा बढि राष्ट्रहरुमा प्रतिस्पर्धा गरिसकेका छन् । 'प्रतियोगिताका सहभागि खेलाडीहरु म भन्दा माथिल्लो स्तरका छन्, उनीहरुसंग प्रतिस्पर्धा गर्न पाउँदा मेरो स्तर झनै सुधारिने विश्वास लिएको छु'-बास्तोलाले भने ।

# चार सय ४४ सङ्क्रमित, तीनको मृत्यु

**रासस**
**काठमाडौं, ९ भदौ**

कोरोना भाइरसको सङ्क्रमण बिहीबार चार सय ४४ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनमा चार हजार नौ सय ५४ परीक्षणमध्ये चार सय ४४ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको हो । सक्रिय सङ्क्रमितको सङ्ख्या चार हजार एक सय ९९ पुगेको छ । बिहीबार कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई तीन सय सात जना घर फर्किएका छन् । आजै कोरोना भाइरसको सङ्क्रमणबाट तीन जनाको निधन भएको छ । अहिलेसम्म ११ हजार नौ सय ९८ जनाको सङ्क्रमणबाट निधन भएको छ ।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर रहेका छन् ।


# Vacancy Announcement

INTERNATIONAL NEPAL FELLOWSHIP

Vacancy Notice No.: GPH-EVA-06-2079-80

**International Nepal Fellowship (Nepal)** is Non-Government Organization established in 1952 and serving poor and disadvantaged people of Nepal to enable life in its fullness through health and development service. INF Nepal is currently working in health and community development service in Gandaki, Lumbini, Karnali and Sudurpashim provinces of Nepal.

INF Nepal Green Pastures Hospital (GPH), Pokhara, serving peoples with specialized treatment and rehabilitation services in leprosy, dermatology, spinal cord injuries & other neglected trauma, ear car, palliative care etc. is looking for qualified, skilled, service oriented and committed Nepali citizens who share our vision, missions and values.

**1. Position: Pharmacy Assistant Required Number: 1 Location: GPH- Pokhara**

**Purpose of the Job:**
The Job holder is responsible for maintaining and keeping an up to date record of the stock of medicines, and surgical sundries and to dispense prescribed medicines and keep accurate records.

**Required Qualifications, Skills and knowledge:**
- Must have Diploma in Pharmacy with registration at Nepal Pharmacy Council.
- Must have 1 year of post diploma experience in pharmacy or dispensary. Experience in a hospital setting is an advantage.
- Basic knowledge on Microsoft Office- Word/ Excel.
- Experience in handling software related with pharmacy.
- Experience in storekeeping and bookkeeping is an advantage.
- Good written and spoken English and Nepali.
- Good counselling skills and attitude to help people.
- Proactive approach to patient care.
- Able to maintain the confidentiality of the clients/patients.
- Able to ensure and demonstrate INF values in work and dealing with others.

**2. Position: Staff Nurse Required Number: 2 (Rehab Ward), 1 (Palliative Care Ward) Location: GPH- Pokhara**

**Purpose of the Job:**
The Job holder is responsible for promoting and restoring patients health need in collaboration with multidisciplinary team members, provision of direct and qualitative patient care, provision of holistic care as per patients' needs along with their visitors, documentation, reporting and maintenance of records to facilitate smooth functioning.

**Required Qualifications, Skills and knowledge:**
- Must have PCL Nursing, with registered with Nepal Nursing Council.
- Minimum of One year of practical experience in hospital setting
- Demonstrate sensitivity and confidentiality.
- Skills to use automated and technical equipment.
- Good computer knowledge with word, excel.
- Must be pleasing personality and with a positive attitude.
- Follow doctor's instructions and maintaining coordination.
- Practical experience of using hospital software/ system is an advantage.
- Prepare plan of care as per patients need.
- Able to ensure and demonstrate INF Values in work and dealing with others.

**3. Position: Palliative Care Worker (ANM) Required Number: 2 (Day Therapy & Clinical Ward) Location: GPH- Pokhara**

**Purpose of the Job:**
To provide a holistic clinical Palliative Care service completing the nursing process for Palliative Care and Chronic Disease (PCCD) patients cared for in clinics, day therapy of other services in the Hospital; collaborates with multidisciplinary teams and provides physical and psychosocial support for patients and their families. Need to carryout night shift as per roster as required.

**Required Qualifications, Skills and knowledge:**
- Must have passed Auxiliary Nurse Midwifery (ANM) with registration with Nursing Council.
- Must have One Year of relevant work experience. Knowledge or Experience at Palliative Care will be an advantage.
- Good interpersonal skills, patience empathy and ability to motivate and encourage people.
- Ability to read and write in English/ Nepali Language.
- Basic computer skills - Word/ Excel/ PowerPoint.
- Ability to keep all matters pertaining to patient care confidential.
- Be honest and demonstrate integrity.
- Compassionate to patients and commitment to serve needy people.
- In agreement with the vision, mission and values of INF.

All eligible and interested candidates who meet the above criteria can send their application stating the post applied for with detailed curriculum vitae on the given email address by **4th September 2022.**

INF Nepal, Pokhara
Email: recruitment@nepal.inf.org

Only shortlisted candidates will be invited to participate in further assessment and selection process.
**INF Nepal encourages applications from persons with disabilities disadvantaged and vulnerable groups.**

*INF Nepal reserves the right to hold partial or whole applications process any time without giving any reason whatsoever. Any effort by the candidates to influence the selection process may result to disqualify.*

# फिस्टेलमा नवआगन्तुक विद्यार्थीको स्वागत

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

पोखरा-१७ तल्लो विरौटामा अवस्थित फिस्टेल एकेडेमीले बुधबार कक्षा ११ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरुलाई एक समारोहका बिच स्वागत गरेको छ।

पोखरा होटल ग्रान्डमा भएको कार्यक्रममा कक्षा १२ का विद्यार्थीहरुले नवआगन्तुक विद्यार्थीहरुको स्वागत गरेका हुन् । राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक डा. महावीर पुनको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमको अध्यक्षता विद्यालयका संस्थापक चिनु रानाभाटले गरेका थिए।

प्रमुख अतिथिको तर्फबाट बोल्दै डा. महावीर पुनले किताबी पढाइ मात्र भन्दा चुनौतिहरुको सामना गर्दै पढाइलाई सिर्जना र अनुसन्धानमा केन्द्रित गर्न सुझाए । उनले पढ्न सजिलो भए पनि प्रतिस्पर्धात्मक आजको समयमा त्यसलाई व्यवहारमा उतार्न विशेष ध्यान दिनुपर्ने बताए । अध्यक्षको आशनबाट बोल्दै विद्यालयका संस्थापक चिनु रानाभाटले अन्तर्राष्ट्रिय सुविधासहितको प्रगतिशील शिक्षा प्रदान गर्ने आफ्नो ध्येय रहेको र त्यसैअनुरुप आफू लागि परेको जनाए । उनले




राष्ट्रिय आविष्कार केन्द्रका लागि रु.एक लाख सहयोगको घोषणा समेत गरे । सामाजिक उत्तरदायित्व अन्तर्गत आफूले केन्द्रलाई सहयोग गरेको थोरै भएपनि यो सहयोग गर्न पाउँदा गौरवबोध भएको विचार राखे । विद्यालयका प्रिन्सिपल डा.त्रिद्वीभ उपाध्यायले स्वागत मन्तव्य राखेको सो कार्यक्रमको सञ्चालन कक्षा १२ का विद्यार्थीहरु प्राप्ति लम्साल, शिशिर पौडेल र सिम्रन क्षेत्रीले गरेका थिए । कक्षा १२ का विद्यार्थीहरु श्रेया गौतम र रचना गुरुङले स्वागत नृत्य प्रस्तुत गरेका थिए भने नवआगन्तुक विद्यार्थीहरुको तर्फबाट कक्षा ११ विज्ञान संकायमा भर्ना भएकी छात्रा स्नेहा तिमल्सिनाले फिस्टेल रोजाइले आफूहरुलाई थप उत्साहित बनाएको र लक्ष्य प्राप्तिमा सहज हुने कुरामा विश्वस्त रहेको जनाइन् । विभिन्न साँस्कृतिक प्रस्तुति रहेको सो कार्यक्रममा विद्यार्थीहरुले आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

प्रतिभा प्रदर्शनमा नव आगन्तुक विद्यार्थीहरुमध्येबाट छात्रातर्फ विद्या र छात्रतर्फ निबोध उत्कृष्ट भए । उनीहरुलाई विद्यालयकी सह संस्थापक अन्जु बस्नेत रानाभाट र +२ संयोजक गीताञ्जली राठौरले ताज, ट्रफी प्रदान गरेकी थिइन् । डा. सन्तोप सापकोटाले उत्प्रेरणात्मक मन्तव्य राखेको सो कार्यक्रम साँझ करिब चार घन्टा चलेको थियो ।

विद्यालयमा विज्ञान र व्यवस्थापन सङ्कायमा कक्षा ११ र १२को पढाइ हुँदै आएको जानकारी विद्यालयका मिडिया संयोजक गोपाल खनालले दिए ।

# एक करोड पच्चीस लाख राजश्व सङ्कलन

पोखरापत्र संवाददाता
तनहुँ, ९ भदौं

व्यास नगरपालिकाले एक महिनाका अवधिमा रु एक करोड पच्चीस लाख बत्तीस हजार एक सय ४४ राजस्व सङ्कलन गरेको छ । गत साउन मसान्तसम्मका अवधिमा आन्तरिक आयबाट उक्त राजस्व सङ्कलन गरेको हो ।

नगरपालिकाले टोल फ्रि कल सेन्टर, नागरिक सहायता कक्ष, वडा कार्यालयमा यही भदौ १ गतेदेखि सञ्चालन गरिसकेको छ। आर्थिक ऐनले तोकेको दस्तुर बाहेक अन्य फोटोकपी, निवेदन दस्तुर लगायतका सेवा निःशुल्क प्रदान गर्ने निर्णय गरेको नगरपालिकाका सूचना प्रविधि अधिकृत विशाल पण्डितले जानकारी दिनुभयो । सो नगरपालिकाभित्र लिफ्टिङ खानेपानी योजना र सडक बत्तीमा स्थानीय उपभोक्ताबाट भुक्तानी भएको मासिक विद्युत् महसुलको विवरण वडा कार्यालयमार्फत हुने जनाइएको छ । गण्डकी प्रदेश सरकारबाट व्यास-१ स्थित निर्मल माध्यमिक विद्यालयको भवन र प्रयोगशाला निर्माण कार्यक्रमका लागि रु तीन करोड विनियोजन भएको छ ।

# एसओएसमा नवआगन्तुक विद्यार्थीको स्वागत

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

रामबजार पोखरास्थित एसओएस स्कुल गण्डकीमा कक्षा ११ का नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो ।

विद्यालयको प्राङ्गणमा आयोजित एक विशेष समारोहका बीचमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्य गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा. गणेशमान गुरुङले गरे ।

समारोहका प्रमुख अतिथि डा. गुरुङद्वारा पानसमा दीपप्रज्ज्वलन गरी समुद्घाटन गरिएको उक्त कार्यक्रममा कक्षा १२ मा अध्ययनरत सम्पदा पराजुलीले स्वागत मन्तव्य राखिन् । समारोहमा विद्यालयका संयोजक खगेन्द्रराज बरालले मन्तव्यसहित कक्षा ११ का नवआगन्तुक विद्यार्थीहरूलाई खादा लगाएर स्वागत गरे । कक्षा ११ का नवआगन्तुक विद्यार्थीहरूको स्वागतमा कक्षा १२ का विद्यार्थीहरूले विभिन्न सांस्कृतिक कार्यक्रमहरूसमेत प्रस्तुत गरेका थिए । स्वागत समारोहमा विद्यालयका सहप्राचार्य किरण सापकोटा, एसओएस बालग्राम




गण्डकीका योजना निर्देशक प्रदीपभक्त आचार्यले समेत मन्तव्य राखेका थिए । सहप्राचार्य सापकोटाले आफ्नो भविष्यका सपना साकार पार्ने उद्देश्य लिएर एसओएस गण्डकीमा प्रवेश गरेका विद्यार्थीहरूलाई योजना साकार पार्ने अभियानमा प्रतिबद्ध भएर अगाडि बढ्न सुझाव दिए। विशेष अतिथिको आसनबाट बोल्दै एसओएस बालग्राम गण्डकीका योजना निर्देशक प्रदीपभक्त आचार्यले कक्षा ११ का नवआगन्तुक विद्यार्थीहरूले पालन गर्नुपर्ने आचारसंहिताका बारेमा जानकारी गराए ।

त्यस्तै प्रमुख अतिथिको आसनबाट बोल्दै गण्डकी विश्वविद्यालयका कुलपति डा. गुरुङले अनाथ र असहाय बालबालिकाहरूलाई संरक्षण र शिक्षादीक्षा प्रदान गर्दै एसओएस गण्डकीले शैक्षिक क्षेत्रमा पुऱ्याइरहेको योगदानको सराहना गरे । समारोहमा विद्यार्थीहरूद्वारा प्रस्तुत प्रतिभाको प्रशंसा गर्दै उनले एसओएसबाट दीक्षित भएर उच्च शिक्षातर्फ अग्रसर हुने विद्यार्थीहरूलाई गण्डकी विश्वविद्यालयमा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने विषयप्रति आफू सकारात्मक रहेको बताए ।

कक्षा १२ मा अध्ययनरत छात्रा आयुष्मा भण्डारीद्वारा सञ्चालित उक्त कार्यक्रमको सभाध्यक्षता विद्यालयका निमित्त प्राचार्य चूडामणि सुवेदीले गरेका थिए । विज्ञान सङ्कायको अध्ययन-अध्यापन हुने एसओएस स्कुलको कक्षा ११ मा हाल भुक्तानी र छात्रवृत्ति कोटामा गरी एक सय तीसभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् ।

# सिर्जना, फेवा वेगनास र लेखनाथ चौतारीको पदस्थापना

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

लायन्स क्लब अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ जे, नेपाल अर्न्तगतका तीनवटा क्लबको संयुक्त पदस्थापना कार्यक्रम पोखरामा सम्पन्न भएको छ । यसरी संयुक्त पदस्थापना कार्यक्रम गर्नेमा लायन्स क्लब अफ पोखरा सिर्जना चौतारी, फेवा वेगनास चौतारी र लेखनाथ चौतारी रहेका छन् ।

लायन्स क्लब अफ पोखरा सिर्जना चौतारी आजभन्दा ११ वर्ष अगाडि स्थापना भएको क्लब हो । यस्तै लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारी आजभन्दा ७ वर्ष अगाडि स्थापना भएको तथा लायन्स क्लब अफ लेखनाथ चौतारी हालै स्थापना भएको क्लब रहेको छ । लायन्स क्लब अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ जे, नेपालका डिष्ट्रिक गर्भनर तथा पदस्थापना अधिकृत ध्रुव श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । पदस्थापना गरिएका तीनवटै क्लबबाट डिष्ट्रिकले ठुलो अपेक्षा राखेका उनले सुनाए । यो वर्ष आफूले अगाडि सारेका कार्यक्रमलाई सफल बनाउन उनको जोड थियो । सोही कार्यक्रममा लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारीको स्पोन्सरमा खुलेको नयाँ क्लब लायन्स क्लब अफ सेतीगण्डकी स्टार्सको उद्घाटन समेत गरियो । गर्भनर श्रेष्ठले नयाँ क्लबको उद्घाटन गरेका हुन् । लायन्स क्लब अफ सिर्जना चौतारीका अध्यक्ष




कृष्ण बहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा मल्टिपल चिफ कोडिनेटर तथा पास्ट डिष्ट्रिक गर्भनर ध्रुव थापा, फस्ट भाइस डिष्ट्रिक गर्भनर हरिप्रसाद मरहठ्ठा, सेकेन्ड डिष्ट्रिक गर्भनर मिलन थापा, पास्ट मल्टिपल काउन्सिल चियरपर्सन प्रेम बहादुर श्रेष्ठ, डिष्ट्रिक सचिव मधुसुधन कोइराला, डिष्ट्रिक चिफ एडमिनिस्ट्रेटर शिवराम फुयालले लायन्स क्लबका विविध पक्षको बारेमा बताए ।

कार्यक्रममा लायन्स क्लब अफ सिर्जना चौतारीका संस्थापक अध्यक्ष तथा डिष्ट्रिक चिफ बालकृष्ण बराल, लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारीका संस्थापक अध्यक्ष तथा डिष्ट्रिक चिफ सन्तोष घिमिरे, जोन चियर पर्सन तथा सिर्जना चौतारीका पूर्व अध्यक्ष राजु बराल, वर्तमान अध्यक्ष जनक कार्की, फेवा वेगनास चौतारीका निवर्तमान अध्यक्ष महेश्वर रिमाल, वर्तमान अध्यक्ष राजाराम पौडेल, लायन्स क्लब अफ पोखरा चौतारीका अध्यक्ष बुद्धराज बस्याल, लायन्स क्लब अफ सेती गण्डकी स्टार्सका अध्यक्ष प्रकाश विक, पोखरा सिर्जना चौतारीका सचिव कृष्ण सुवेदीले बोलेका थिए । पदस्थापना भएका तीन क्लब र उद्घाटन गरिएको नयाँ क्लबका अध्यक्षले आफ्ना भावी कार्यक्रमको बारेमा बेलिविस्तार लगाए ।

यसैगरी निवर्तमान भएका अध्यक्षहरुले आफ्नो कार्यकालमा गरेका कार्यक्रमहरुको विवरण सुनाए । सोही कार्यक्रममा लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीको चार्टर नाइट कार्यक्रम समेत सम्पन्न भयो । साइमन पार्टी प्यालेसमा भएको पदस्थापना, उद्घाटन तथा चार्टर नाइट कार्यक्रममा लायन्स क्लब अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ जे, नेपाल अर्न्तगतका विभिन्न क्लबमा आवद्द व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

# शिवाङमा सुविधायुक्त छात्रवास निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ९ भदौं

पश्चिम म्याग्दीको दुर्गम गाउँ शिवाङमा गण्डकी प्रदेश सरकारको रु दुई करोडभन्दा बढी लगानीमा सुविधा सम्पन्न छात्रवास निर्माण गरिएको छ । छात्रवास निर्माणपछि विद्यार्थीलाई सहज भएको छ ।

धौलागिरि गाउँपालिका-७ शिवाङस्थित हेम माध्यमिक विद्यालयमा छात्रावास निर्माण गरिएको हो । दसैंपछि नयाँ भवनमा विद्यार्थी राख्ने तयारी रहेको प्रधानाध्यापक शेरबहादुर केसीले जानकारी दिनुभयो । चौबीस कोठे तीन तले सो भवन८० विद्यार्थी राख्न सकिने क्षमताको छ । "विद्यार्थीको हेरचाह र खानपानको व्यवस्था मिलाउन तीन कर्मचारीको व्यवस्था गरेका छौं", उहाँले भन्नुभयो ।

चार वर्ष अघि प्रदेश सरकारको नमूना आवासीय विद्यालय कार्यक्रमअन्तर्गत छनोट भएपछि छात्रावास निर्माण थालिएको हो । भवन निर्माणपछि विद्यालयले विद्यार्थीलाई आवासीय सुविधा दिएको छ । विद्यालयमा नै आवासीय सुविधा पाउने भएपछि भिर, पहरो, जङ्गल र खोलाको बाटो छिचोल्दै दैनिक तीन-चार घण्टा हिँडेर विद्यालय आउजाउ गर्ने विद्यार्थीलाई अब सहज भएको छ । "अभिभावकसमेत खुसी भएका छन्", प्रधानाध्यापक केसीले भन्नुभयो । छात्रवासको सुविधा भएपछि बीचमा नै पढाइ छोड्ने क्रम घट्ने केसी बताउनुहुन्छ । गरिबी र पारिवारिक वातावरण नभएर पढाइ छोड्न बाध्य विद्यार्थी लाभान्वित हुने छन् । यसअघि जीर्ण छात्रावासमा निकै असुविधा थियो ।


**Government of Nepal (GoN)**
**Ministry of Agriculture and Livestock Development**
**Department of Livestock Service**
**National Livestock Breeding Office**
**Lamapatan, Pokhara, Kaski**

## Invitation for Sealed Quotation and Bid

(Date of publication: 2079/05/10)

1. ***The National Livestock Breeding Office (NLBO), Lampatan, Pokhara*** invites electronic Sealed Quotation and NCB from eligible bidders for the following work specified by NLBO with following information.

| IFB No. | Contract ID No. | Name of Procurement | Estimated price (NRs. without VAT) | Bid Security (NRs) | Document Fee NRs | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 3.1/NLBO/079-080 | 4/NLBO/SQ/W/079-80 | Construction of Quarter for Labors | 16,94870.54 | 50,000.00 | 1,000/- | 75 days |
| 3.2/NLBO/079-080 | 5/NLBO/NCB/W/079-80 | Construction of RCC Irrigation Channel | 33,89740.59 | 1,00,000.00 | 3,000/- | 120 days |

**Purchase, Submission and Opening**

| Contract No. | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| 4/NLBO/SQ/W/079-80 | Till 09 September 2022 | Online | Till 11 September 2022 | Till 12:00 | 11 September 2022 | 14:00 |
| 5/NLBO/NCB/W/079-80 | Till 24 September 2022 | Online | Till 25 September 2022 | Till 12:00 | 11 September 2022 | 14:00 |

Pre-bid meeting in case of 5/NLBO/NCB/W/079-80 will be held in 09th September 2022 at NLBO Office

| For Bid Fee | Bid Security in the form of Cash |
|---|---|
| Bank: Rastriya Banijya Bank Prithivi Chowk Branch, Kaski<br>Account No. 1000200010000<br>Revenue Code No.: 14229<br>Office Code no.: 312023902<br>National Livestock Breeding, Office, Pokhara, Kaski<br>Contact: 061-505389<br>(www.nlbo.gov.np)<br>email: nlbc.pokhara@gmail.com | Bank: Rastriya Banijya Bank Prithivi Chowk Branch, Kaski<br>Account No: 3020100102030000<br>(Ko.Le.Ni.Ka.Kaski)<br>National Livestock Breeding, Office, Pokhara, Kaski<br>Contact: 061-505389<br>(www.nlbo.gov.np)<br>email: nlbc.pokhara@gmail.com |

2. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (10th Amendment, 2076).
3. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp**, as specified in the Bidding data sheet for provision of E-Bidding. Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy for SQ and/or NCB contract shall not be accepted.
4. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
5. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website

**NLBO Chief**